# मौरी विकास प्रवर्द्धन कार्यक्रम संचालन विधी, २०७७

प्रस्तावनाः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७७।०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मौरी विकास प्रवर्द्धन सहयोग कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन र कार्यान्वयन गर्नका लागी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्यक्रम संचालनविधी स्वीकृत गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधीको नाम "मौरी विकास प्रवर्द्धन कार्यक्रम संचालन विधी, २०७७" रहेको छ ।

(२) यो संचालन विधी तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधीमा,-

(क) "कृषक समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका कृषकहरुको समूहलाई सम्झनु पर्छ।

(ख) "कृषि सहकारी" भन्नाले प्रचलित कानून बमोजिम गठन भई दर्ता गरिएको कृषि सहकारी संस्था तथा कृषि कार्यमा संलग्न बहुउद्देश्यिय सहकारी संस्था समेतलाईं सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले लुम्बिनी प्रदेशकोकृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ङ) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने स्थल कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(च) "मौरी पालन" भन्नाले मह उत्पादन, मौरी गोला, घार र उपकरण निर्माण तथा रोयल जेली प्रोपोलिस मौरीको विष कुट लगायतका मौरीसंग सम्बन्धित व्यावसायलाई सम्झनु पर्छ ।

(छ) "मौरीपालक" भन्नाले मौरीपालनमा आवद्ध कृषक समुह, कृषि सहकारी तथा निजी उद्यमीलाई सम्झनुपर्दछ।

(ज) "निजी उद्यमी " भन्नाले व्यावसायिक कृषि उत्पादन र बजारीकरणमा संलग्न वा ईच्छुक व्यक्ति वा व्यक्तिहरु सम्झनु पर्छ।

३. कार्यक्रमको उद्देश्यः मौरी विकास प्रवर्द्धन कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

१) मह र मौरी जन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

२) मौरीपालन व्यवसायको आधुनिकीकरण र बजारीकरणमा प्रवर्द्धन गर्ने ।

३) मौरीपालन व्यवसायमा आवद्ध कृषकहरुको आय आर्जनमा टेवा पुर्याई जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

४. <u>कार्यक्रम सञ्चालन विधि:</u> (१) कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी निर्देशनालयको हुनेछ। निर्देशनालयले आवश्यकता अनुसार अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(२) निर्देशनालयले देहाय बमोजिमका क्रियाकलापहरुमा बिनियोजित रकम खर्च गर्नेछ।

| क्र. सं | कार्यक्रम | संचालन प्रकृया | कृयाकलापहरु | परिमाण | बजेट | मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | मौरीपालन प्रदर्शन तथा सिकाई केन्द्र स्थापना | १.सम्बन्धित कृषि ज्ञान केन्द्रको समन्वयमा निर्देशनालयद्वारा स्थान तथा निजी मौरीपालकको छनौट गरी सिकाई तथा प्रदर्शन केन्द्र स्थापना गरिनेछ।<br>२.संचालन विधीका सम्बन्धमा छनौट गरिएका मौरी पालक तथा निर्देशनालय बीच MOU गरिनेछ। | मौरी पालन तथा मौरी जन्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित आवश्यक औजार उपहरणहरु उपलब्ध गराउने | ४ वटा | प्रति प्रदर्शन अधिकतम ५ लाख | १.मौरीपालक गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको<br>२.मौरीपालनसँग सम्बन्धित विषयमा तालिम लिए पश्चात न्युनतम ५ वर्षको अनुभव भएको<br>३. मह लगायत अन्य उत्पादन सम्बन्धी तालिम लिएको<br>४. न्यूनतम ५० घार मारी गोला भएको<br>५. सिकाई तथा प्रदर्शन केन्द्रको स्थापनाका लागी न्यूनतम पूर्वाधार तथा भौतिक संरचना भएको<br>६.जिल्लास्थित मौरी व्यवसायीहरुको संघ /संस्था / सहकारी आवद्धता भएको<br>७.सिकाई केन्द्र स्थापना गर्न जिल्लाको छनौट गर्दा अधिकतम मह उत्पादन गर्ने जिल्लालाई प्राथमिकतामा राखिनेछ। |
| २ | गुणस्तरिय रानु प्रदर्शन वितरण | १.निर्देशनालयद्वारा सरकारी फार्म केन्द्र तथा अन्य निजीस्तरका सुचिकृत श्रोत केन्द्रबाट रानु झिकाई मौरी पालक संघ /संस्थासंगको समन्वयमा मौरी पालकहरुलाई निशुल्क वितरण गरिनेछ। | रानु वितरण | कम्तीमा २०० वटा | अधिकतम ५ लाख | १. मौरीपालक गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।<br>२.मौरीपालकसंग न्युनतम २५ घार भएको |
| ३ | मह लगायत मौरी उत्पादनहरुको विक्री वितरणको लागी आधुनिक बिक्रि कक्ष स्थापना (हनी मार्ट) | १.निर्देशनालयद्वारा कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ।<br>२.सम्बन्धित प्रस्तावकले सूचनामा तोकिएको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।<br>३. प्रस्ताव तयार गर्दा विक्रि कक्षको संरचना तथा औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।<br>४.छनौट भएका प्रस्तावकसँग | पसल कक्ष स्थापनाको संरचना निर्माण, मह लगायत मौरीजन्य उत्पादनहरुको प्याकेजिङ्ग मेसिन (विषेशगरी पाउचमा प्याकेजिङ्ग) , लेवेलिङ्ग मेसिन,भण्डारणको उपकरणहरु, आदिमा। | ६ वटा (एउटा जिल्लामा एक नबढ्ने गरी) | अधिकतम ३० लाख (प्रति विक्रि कक्ष ५ लाख वा कुल लागत रकमको ५० प्रतिशत जुन कम हुन्छ ) | १.प्रस्तावक गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको<br>२.कम्तीमा १० वटा मौरीपालकसंग खरिद विक्रि सम्झौता भएको<br>३.स्थान छनौट गर्दा अधिकतम मह उत्पादन गर्ने जिल्लालाई प्राथमिकतामा राखिनेछ।<br>४.मार्ट संचालन पश्चात गुणस्तर परिक्षण गरेको मह मात्र विक्रि वितरण गर्नुपर्नेछ।<br>५.प्याकेजिङ्गको सामाग्रीहरु food grade को हुनुपर्नेछ। |

| क्र. सं | कार्यक्रम | संचालन प्रकृया | कृयाकलापहरु | परिमाण | बजेट | मापदण्ड |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>५.छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वकैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ। | | | | |
| ४ | मौरीपालक कृषकहरुको क्षमता विकासको लागि advance level तालिम | १.निर्देशनालयद्वारा मौरीपालक संघ /संस्थाको समन्वयमा कृषकहरु छनौट गरी कार्यक्रम संचालन गरिनेछ। | मौरी श्रोत केन्द्रहरुसंको समन्वयमा कृषकहरुलाई सैदान्तिक तथा व्यवहारिक तालिम दिईनेछ | २ पटक | अधिकतम १० लाख | १. मौरीपालन प्रदर्शन तथा सिकाई केन्द्रमा छनौट भएका मौरीपालक<br>२. मह लगायत अन्य मौरीजन्य उत्पादनमा संलग्न हुन ईच्छुक मौरीपालकहरु |
| ५ | प्रदेश नं ५ को मौरी चरन को क्षेत्रको अध्ययन तथा चरन पात्रो प्रकाशन | १.निर्देशनालयद्वारा मौरीपालन चरनसंग सम्बन्धी सरोकारवाला निकायसंगको समन्वयमा मौरी चरन क्षेत्रको अध्ययन गर्ने तथा चरन पात्रो तयार गरिनेछ।<br>२.तयार गरिएको चरन पात्रो प्रकाशन गरी सम्बन्धित सरोकारवालाहरुलाई वितरण गरिनेछ। | मौरी चरन क्षेत्रको अध्ययन तथा प्रकाशन, चरन पात्रोको तयारी तथा प्रकाशन, चरणको रणनिती तयारी | १ पटक | अधिकतम ५ लाख | प्रदेशको सार्वजिक खर्चको मापदण्ड तथा प्रचलित कानुन बमोजिम अनुसार |
| ६ | मौरी चरन तथा स्थानतरण सम्बन्धी सरोकारवालाहरु संग अन्तर्क्रिया कार्यक्रम | १.निर्देशनालयद्वारा मौरी चरन तथा स्थानतरण सम्बन्धी सरोकारवाला निकाय (सामुदायिक वन उपभोक्ता समिति,प्रहरी, मौरीपालक, आदि।) लाई पत्राचार गरी कार्यक्रम संचालन गरिनेछ। | अन्तर्क्रिया कार्यक्रम | कम्तीमा ३ संख्या | अधिकतम ६ लाख | प्रदेशको सार्वजिक खर्चको मापदण्ड अनुसार |
| ७ | मौरीमैत्री बालीको मौरीचरनसंगै नतिजा तथा उत्पादन प्रदर्शन | १.निर्देशनालयद्वारा मौरी मैत्री बालीहरु जस्तै तोरी, सूर्यमुखी लगायत अन्य बालीहरुमा मौरीचरन गर्ने सन्दर्भमा मात्र मौरीपालकको सहकार्यमा मौरीचरन उत्पादन प्रदर्शन गरिनेछ।<br>२.निर्देशनालयद्वारा बालीलाई आवश्यक बीउ, मल,जाली घर, आदि निशुल्क उपलब्ध गराइनेछ। | नतिजा तथा उत्पादन प्रदर्शन | ५० वटा | अधिकतम ५ लाख | १.नतिजा प्रदर्शनको लागी न्युनतम ५ * १० वर्ग मीटरको क्षेत्रफलमा ४ रेप्लिकेशन प्रति प्रदर्शन हुनुपर्नेछ।<br>२.उत्पादन प्रदर्शनको लागी न्युनतम १ कठ्ठा क्षेत्रफल हुनुपर्नेछ।<br>३.मौरीपालकसंग कम्तीमा २० घार मौरी हुनुपर्नेछ।<br>४.प्रदर्शन स्थलको रेखदेखको जिम्मा सम्बन्धित मौरीपालकको हुनेछ। |
| ८ | मौरीपालनसंग सम्बन्धी प्राविधीक पुस्तिकाहरु प्रकाशन तथा वितरण | १.मौरी विज्ञहरुको संलग्नतामा लेख रचना तयार गरी प्राविधीक पुस्तिकाहरु प्रकाशन गरिनेछ। | १.मौरी विज्ञहरुलाई लेख रचना तयार गर्न पत्राचार गरिनेछ।<br>२.लेख रचनाको सम्पादनको लागी सम्पादकिय मण्डल गठन | १ पटक | अधिकतम ५ लाख | १.प्रति लेख रचना न्यूनतम २००० शब्द हुनुपर्नेछ |

| क्र. सं | कार्यक्रम | संचालन प्रकृया | कृयाकलापहरु | परिमाण | बजेट | मापदण्ड |
|---|---|---|---|---|---|---|
| | | | गरिनेछ।<br>३. सम्पादकिय मण्डलको निर्णयानुसार लेख रचनाको पारिश्रामिक तथ गरिनेछ। | | | |
| १० | पुत्का मौरीलाई संरक्षण तथा प्रवर्द्धन प्रदर्शन | १.निर्देशनालयद्वारा पुत्का मौरी पालकसंगको समन्वयमा पुत्का मौरीको संरक्षण तथा प्रवर्द्धनका कृयाकलापहरु संचालन गरिनेछ। | पुत्का मौरीलाई मुढाबाट आधुनिक घारमा स्थान्तरण गर्न विभिन्न प्रकारका घारहरुमा पुत्का मौरीपालन गरिनेछ | १ वटा | अधिकतम १ लाख | १.मौरीपालक पुत्का मौरीपालनमा संलग्न हुनुपर्नेछ |
| ११ | मौरी चरन क्षेत्र विस्तारका लागी मौरी मैत्री विरुवा वितरण | १.जिल्लास्थित मौरीपालक संघ / संस्था तथा सहकारीहरुको सहकार्यमा निर्देशनालयबाट विरुवा निशुल्क वितरण गरिनेछ। | चिउरी, निम, कल्की लगायत अन्य मौरी मैत्री फलफुल बोट विरुवाहरु सामुदायिक वन लगायत अन्य स्थानमा रोपण गरिनेछ | माग अनुसार | अधिकतम ५ लाख ढुवानी सहित | १.प्रस्तावकले विरुवा बाहेक विरुवा रोप्न आवश्यक सम्पूर्ण कार्य आफै व्यवस्थापन गर्नुपर्नेछ। |
| १२ | मौरीसँग सम्बन्धी जनचेतनामुलक श्रव्य दृश्य सामाग्री प्रसारण तथा प्रकाशन | १.निर्देशनालयद्वारा रेडियो एफ्. एम. सँग सम्वन्वय गरी कार्यक्रम संचालन गरिनेछ।<br>२.निर्देशनालयद्वारा आवश्यकता अनुसार मौरीसँग सम्बन्धि लिफलेट, ब्रोसर, आदि तयारी गरिनेछ। | रेडियो एफ्. एम. मार्फत मौरी सम्बन्धी कार्यक्रमहरु प्रसारण, लिफलेट, ब्रोसर,आदि । | १ पटक | अधिकतम ३ लाख | १.प्रति श्रव्य दृश्य सामाग्री न्यूनतम २००० शब्द हुनुपर्नेछ |
| १३ | मौरीपालन सम्बन्धि प्रोफाइल तयारी तथा प्रकाशन | १.निर्देशनालयद्वारा कृषि ज्ञान केन्द्र तथा मौरीपालक संघ /संस्थाको समन्वयमा कृषकहरु छनौट गरी कार्यक्रम संचालन गरिनेछ। | पुस्तिका प्रकाशन | १ पटक | अधिकतम ३ लाख | १.प्रदेश ५ का मौरीपालकहरु समेटिनुपर्नेछ |
| १४ | मौरीपालनसँग सम्बन्धि भिडियो डकुमेन्टरी तयारी | १.निर्देशनालयद्वारा चालु आ.व.मा मौरीसंग सम्बन्धित कार्यक्रमहरुको भिडियो डकुमेन्टरी तयारी गरिनेछ । | भिडियो डकुमेन्टरी तयारी | १ पटक | अधिकतम ५ लाख | १.खरिद सम्बन्धि प्रचलित ऐन अनुसार संचालन गरिनेछ |

५. **खर्चको मापदण्ड:** (१) दफा ४ को उपदफा (२) मा उल्लेखित क्रियाकलापहरुमा प्रचलित कानून बमोजिम विनियोजित बजेटबाट खर्च गरिनेछ ।

(२) दफा ४ को उपदफा (२) मा उल्लेखित क्रियाकलापहरुमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टी गरिनेछ र सो बापतको रकम यस विधि बमोजिमका कार्यक्रमको अनुगमन, समितिको बैठक र सूचना प्रकाशन तथा प्रशारणमा खर्च गरिनेछ ।

६. **कार्यक्रम व्यवस्थापन समिति:** (१) दफा ४ को उपदफा (२) मा उल्लेखित कृयाकलापहरु संचालन गर्नको लागि देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ:-

(क) प्रमुख, सम्बन्धित कार्यालय -अध्यक्ष

(ख) सम्बन्धित विषयको महाशाखा प्रमुख

वा अधिकृतस्तरको प्रतिनिधि, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालय -सदस्य

(घ) प्रमुख, योजना कार्यक्रम तथा अनुगमन शाखा ,सम्बन्धित कार्यालय -सदस्य

(ङ) लेखा प्रमुख, सम्बन्धित कार्यालय -सदस्य

(च)बाली संरक्षण तथा व्यावसायिक किट विकास शाखा प्रमुख

वा जिम्मेवार अधिकृत, सम्वन्धित कार्यालय सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कार्यक्रमसँग सम्बन्धित बढीमा दुई जनासम्म आमन्त्रित सदस्य राख्न सक्नेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूचना तथा प्रस्तावनाको ढाँचा र मूल्यांकनका आधारहरु तयार गर्ने,

(ख) दफा ४ को उपदफा (२) मा उल्लेखित कृयाकलापहरु, प्रकृया तथा मापदण्डमा आवश्यकता अनुसार स्पष्ट गर्ने /गराउने,

(ग) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कृयाकलापहरुलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति गठन गर्न सक्ने,

(घ) उपसमितिले सिफारिश गरेका मौरीपालकहरुको आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गर्ने/गराउने र मौरीपालकको छनौट गर्ने,

(ङ) कार्यक्रमको आवश्यकता अनुसार सुपरिवेक्षण र अनुगमनमा सहयोग गर्न सक्ने।

८. <u>अनुगमन तथा मूल्याङ्कन व्यवस्था:</u> मौरी विकास प्रवर्द्धन कार्यक्रमका अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित केन्द्रहरुले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्न सक्नेछन्।

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस विधीको कार्यान्वयनका सम्बन्धमा यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।